**Email:**clnp@chhetrylaw.com or kc @chhetrylaw.com
Heritage Plaza, 4th Floor, South Wing, Kamaladi, Kathmandu, Nepal
**Tel:** 1-4169169, 1-4169170, Fax: 1-4169171, 9851131483 **Visit:** *www.chhetrylaw.com*

# An Entrepreneurial Journey from Hollywood to Kollywood !





Incessant Rain Studios was established in January 2008 with a state-of-the-art animation and vfx facility and a diverse team of artistic and technical talents. Our mission is to entertain and fascinate the world with an exciting and unique range of unforgettable stories and characters through animation, thus *giving life to dreams and wings to imagination*. Our production facility, located in Kathmandu, Nepal, currently employs 135 artists with an IT support team.

At Incessant Rain Studio, we take pride in our creative capabilities in the areas of visual development, character design, character animation, and visual effects. Our team of talented artists has a penchant for delivering exceptional quality on budget and on time. Our investment in human capital and technology coupled with sound management has led to production efficiencies, making Incessant Rain Studios a preferred outsourcing destination in South Asia. In five short years, our international clients list boasts of names such as Walt Disney Studios, Sony Pictures, NBC Studios, Duncan Studios, Screen Gems, Zoic Studios, Pixomondo, Scoundrel, The Creative-Cartel, Barnyard, Pandoodle, Take-Two Interactive, Southern California Association of Government and Titmouse Studios.

Incessant Rain Studios is also a creative fountainhead. Nepal's geographical diversity and rich cultural heritage has inspired many a dreamer's flight of fancy. We have revisited these traditional folk tales, bringing characters like the Yeti, the one-horned Rhino and the Yak to life in our local pieces. With these animations, we have started to brand Nepal as a unique place with great art, culture and stories. Our artists particularly relish the challenge of capturing the mysticism of the folklore they had once heard stories of. Our local clients, global NGOs and corporate powerhouses such as USAID, the UN World Food Program, Ace Development Bank, Vibor Bank and Mercantile Communications have thus been able to customize their messages and augment their audience reach.



## Services

Incessant Rain Studios offers comprehensive production services in 3D Animation, Visual Effects and Stereoscopy. Our services include

| 3D | Visual Effects |
|---|---|
| 3D Character Animation | Rotoscopy |
| Visual Effects for Featue Film and Television | Green Screen/Comp |
| Game Cinematics & Trailers | Wire Removal |
| Location Based Entertainment | Paint-Out |
| Commercials and Integrated Media | 3D Integrated Effects |
| | Set Extension |

# नागरिकता (एक पटकको नेपाली सधैको नेपाली)

अनिल पाण्डे



नयाँ संविधान निर्माणका लागि निर्वाचन कहिले हुने नहुने भन्ने चर्चाहरु चलिरहेको अवस्थामा पुर्व प्रधानमन्त्री बाबुराम भट्टराईले एक पटकको नेपाली सधैंको नेपाली भन्ने मान्यतामा प्रवासमा रहेका नेपालीहरुलाई प्रवासी नेपाली नागरिकता वितरण गर्ने धारणा ब्यक्त गरे । उनको यो भनाईले सम्पुर्ण प्रवासी नेपालीहरु खुशीले गदगद् छन् तर यसमा नेताहरुको बोलीको कार्यान्वयन कत्तिको हुन्छ, मुख्य सवाल त्यहा छ । विगतमा समेत अधिकांश राजनीतिक दलका नेताहरु विदेश भ्रमणका क्रममा समस्त प्रवासी नेपालीहरुलाई नयाँ संविधानमा समेट्ने भन्ने भावना ब्यक्त गरेर जान्छन् र काठमाडौं पुगेपछि त्यो सवै विर्सन्छन् । नयाँ नेपाल बनाउने भन्ने मान्यतामा अगाडि आएको एनेकपा माओवादीका नेता तथा पुर्व प्रधानमन्त्री डा. भट्टराईले बोलेको कार्यान्वयन कसरी हुन्छ हेर्न बाँकी छ । नेपाली जनताले धेरै आशा गरेका थिए डा. भट्टराईसंग, अहिले उनले बोलेको कुरामा प्रवासी नेपालीहरुले पनि उत्तिकै आशा गरेका छन । नेपालको आर्थिक विकासलाई अगाडि वढाउने हो भने निश्चित रुपमा ठुलो लगानीको आवश्यकता हुन्छ र त्यो लगानीको महत्वपुर्ण अंश प्रवासी नेपालीहरुका तर्फmबाट आउन सक्दछ किनकी हामीलाई विदेश हैन, नेपालकै धेरै माया छ, ममता छ । नेपालको आर्थिक उन्नती भएको हामी हेर्न चाहान्छौं । बरु प्रवासी नेपाली नागरिकता दिदाँ निश्चित रकम नेपालमा लगानी गर्ने शर्त हामी मान्न तयार छौं । नेपालको नीति निर्माण तहमा गैर आवसीय नेपालीहरुको प्रतिनिधित्व गराएको, गर्ने जे भनेपनि अहिलेसम्म भएको प्रतिनिधित्वबाट प्रवासीहरुलाई सम्बोधन गर्न सकिएको छैन । हामीलाई झुटो आश्वासन होइन, बोली कार्यान्वयनको खाँचो छ, र हामीले छिटो भन्दा छिटो नेपालमा हाम्रो पहिचान चाहान्छौं । हामी विदेशी होइनौं, नेपाल र नेपाली नै हौं, समय परिस्थितिले हामीलाई विदेश मात्रै पुराएको हो । त्यो हाम्रो बाध्यता थियो होला, तर त्यही बाध्यताको पनि हामी मातृभूमिप्रतिको ऋण तिर्न तयार छौं ।





Nepalese started to migrate to the United States approximately 25 years ago: hence the knowledge Nepali history is relatively new to the US population. Presently there are approximately 20,000 people of Nepali origin (Having the same language, culture and traditions). Those include people from Nepal, Bhutan and Tibet. Motherland of Nepal is a California licensed non-profit (501c) organization based in the East Bay Area of San Francisco, established in 2002 with the goal to promote and preserve the social aspects of the Nepalese in America as well as to enhance the relationship between the American and Nepalese communities, education to poor students, conflict sufferers, protection of the human rights and establishment of peace and democracy in Nepal and establishing various social, educational and cultural activities in the Bay Area.

Dedicated to facilitate the integration of Nepali refugees and immigrants, as well as enhancing social and cultural ties between Nepalese Americans and other microcosms of American culture.

Our goal is to improve our online content and create a web-series of educational videos aimed at teaching valuable English skills to our Nepali, Bhutanese, and Tibetan viewers through this website, our utube channel and Facebook .Although this project is ambitious, we have the raw resources required to achieve our goals. Many of our key members are active in the arts and design, which will help streamline our representation on the internet.

We love our culture and we are very proud that our community is growing every year. Celebrating festivals & religious ceremonies has become a part of our San Francisco Bay Area community.



# अमेरिकाका नेपाली आवासीय कि गैर आवासीय

- विष्णु शीतल

नेपालबाट अमेरिका आएर स्थायीरुपमा बसोबास गरेको पहिलो नेपाली को हो ? उ कहिलेबाट बस्दै आएको हो ? कुन ठाउँमा आएको थियो ? अहिले उसका सन्तान कुन पेशा व्यावसाय गर्दैछन ? यी प्रश्नहरुको जवाफ खोज्न म केहि दिनदेखि लागि परेको छु । यो पत्ता लगाएर मात्र गैर आवासीय नेपाली संघ अमेरिकाद्वारा प्रकाशन गर्न लागिएको स्मारिकाका लागि छाप्ने सामग्री पठाउला भन्दा भन्दै समय सीमा सकिन लाग्यो,मेरो सूचनाको घैंटो खाली नै छ ।

नेपालीमा एउटा ठट्टा छ : ठट्टाले अलि पुरानो समाजको प्रतिनिधित्व गर्छ । श्रीमानले श्रीमतीसँग भनेछन् लौन हौ पानी तताइदेऊ म नुहाउछु । श्रीमतीले भनिछन् म त सक्दिन पानी तताउन । श्रीमानले अलि झोकिंदै भनः के भयो तिमीलाई किन नताउने ? के साच्चै नताउने हो ? श्रीमतीले पनि उसैगरी झोक्किएरै जवाफ दिइन्: म पानी तताउदिन के गर्छौ ? श्रीमान सावसँग अरु कुनै जवाफ रैनछ; तैपनि त्यतिकै उच्च स्वरमा भनेछनः चिसै पानीले नुहाइदिन्छु नि ।

यी श्रीमान जस्तै लाचार भएर म पनि जे ज्ञान प्राप्त भयो त्यतिकै आधारमा यो लेख तयार गर्न बसें । दैनिक समाचार पत्रहरुमा लामो समय काम गरेकाहरुको हतारमा लेख्ने आदत हुन्छ । मलाइ आज कै समयसीमा तोकिएको हुनाले यो लेख आजै तयार गर्नु छ ।

यो लेख तयार गर्न अमेरिकी अध्यागमनसम्मको पहुँच जरुरी थियो । तर सकिएन । अब अन्य सामग्री अर्थात अरुले प्रकाशित गरी सकेका सामग्री हेरेर तथ्यहरु पत्ता लगाउनुको विकल्प छैन । अन्य सामग्री पनि नेपालमा बसेर अमेरिकी आप्रवासी नेपालीहरुको बारेमा लेखिएका सामग्रीहरु फेला परे । जुन अध्यावधिक पनि छैनन ।

प्राप्त तथ्याङ्कहरु भन्छनः सन १९४७ अघि कोही पनि नेपाली अमेरिकामा स्थायी बसोवासका हेतुले आएका छैनन् । त्यसमा दुइवटा कारण छन : पहिलो कारण नेपालले ब्रिटेनबाहेक अन्य मुलुकसँग सम्बन्ध राख्न ब्रिटेनलाई सोध्नु पर्दथ्यो । भारतमा शासन गर्न गएको ब्रिटेनको इष्ट इण्डिया कम्पनीसँग सन १८१६ मा एङ्लो नेपाल ट्रीटी नामको संझौता गरिएको थियो । संझौता अनुसार नेपालले भारतबाहेक अन्य मुलुक जान बर्जित थियो । उत्तरतर्फ लुकेर भागेर तिब्बत जाने, भारतको आसाम मेघालयका जंगलहुँदै बर्मासम्म नेपालीहरु पुग्ने गरेको पाइन्छ । त्यो बाहेकका मुलुकमा जान भने भारतबाट सन १९४७मा इष्ट इण्डिया कम्पनी हटेपछि मात्र शुरु भएको पाइन्छ । त्यस अघि अमेरिका त नेपालीहरुले सपनामा पनि देखेका थिएनन ।

एकातिर एङ्लो नेपाल ट्रीटी कायमै थियो अर्कोतर्फ सन १९४६ मा जंगबहादुरको उदय भएपछि इष्ट इण्डिया कम्पनीकै आडभरोसामा राणा शासन १०४ बर्षसम्म चलेको थियो । यो अवधिमा नेपालीहरुको विदेश भारत मात्र थियो । ब्रिटेनलाई सहयोग गर्न शुरु भएको गोरखा भर्ती केन्द्र अन्तर्गत बेलायती सेनामा गएका नेपालीहरु नै बाहिरी मुलुक देख्ने भाग्यमानी नेपालीमा पर्दथे ।

जब सन १९४७ मा भारत छोडो आन्दोलनको सफलतासँगै ब्रिटेनले भारतबाट शासनको हात झिक्यो । तब शुरुभयो नेपालको बाह्य मुलुकसँगको सम्बन्ध स्थापनाक्रम । त्यसैताका नयाँ दिल्लीमा स्थापित अमेरिकी राजदूतावासले नेपालसँग पनि सम्बन्ध स्थापना गर्न चाहेको र पहल शुरु गरेको देखिन्छ । त्यस पछिदेखि मात्र बाहिर निस्कीएका नेपालीहरु बिस्तारै युरोप र अमेरिकासम्म आइपुगेका थिए ।

यता अमेरिकी अध्यागमन कार्यालयको अभिलेखमा नेपालीलाई अन्य एशियालीको वर्गिकरणमा राखिएको थियो जस्ामा नेपाली भाषा बोल्ने भूटान, भारत र बर्माबाट आएका मानिसहरु पनि पर्न सक्थे । अमेरिकी अध्यागमनको एउटा तथ्याङ्कमा भनिएको छः सन १८८१ देखि १८९० सम्ममा अन्य एशियालीको संख्या १हजार९सय१० थियो जब कि १९५० सम्म नेपालीका लागि वाह्य मुलुकको ढोका खुलेकै थिएन । यसबाट के अनुमान लगाउन सकिन्छ भने अन्य एशियालीभित्र पनि सबै नेपाली पर्दैनथिए । यसको निक्कै लामो समयपछि अर्थात सन् १९७४ मा एउटा तथ्याङ्क बाहिर आयो अमेरिकामा ५६ जना -अमेरिकी नागरिकता लिएका) आवासीय नेपालीहरु थिए । नेपाली आप्रवासीहरुको संख्या सन्ः १९९२ सम्म बर्षको १०० भन्दा तलकै दरले बढ्यो । एउटा तथ्याङ्कले यसो पनि भन्छ ः सन् १९९५ मा ५५ जना नेपालीले अमेरिकी नागरिकता लिए जुन बेला ३ सय १२ जनालाई अमेरिकामा बसोवास गर्ने कानुनी अधिकार थियो ।

धेरै पहिले अमेरिका आएका नेपाली आप्रवासीको बारेमा खोजी गरेर अभिलेख तयार गर्न नेपालमा त्रिभूवन विश्व विद्यालयको अनुसन्धान केन्द्र -सीनास) का डा.रमेशकुमार ढुङ्गेलले नेपालमै बसेर केही लेख्न कोशिस गरेका छन भने अमेरिकामा "विभिन्न देश र तिनका संस्कृति" नामक पुस्तकको समीक्षा गर्दै ओलिभिया मिलरले केही तथ्यहरु सार्वजनिक गर्ने कोशिस गरेका छन ।

तर यी दुबै प्रयासहरु मैले शुरुमा उठाएका प्रश्नको जवाफ खोज्न सक्षम देखिदैनन । ढुङ्गेलको लेख नेपालको भौगोलिक विविधताको वर्णनबाट शुरु भएको पाइन्छ भने मिलरले नेपालीहरु दाइने हातले स्टीलको चम्चा समातेर मसलेदार खाना खान्थे भन्नेजस्ता कुराहरु मात्र उल्लेख गरेका

छन् । म यी हाम्रा अग्रज लेखकहरुको लेखाइको समीक्षा तिर जान चाहान्न । मैले उल्लेख गर्न चाहेको विषय नेपालीहरु कसरी स्थापित हुदै गए भन्ने हो ।

तथ्यहरुले देखाए अनुसार अमेरिकामा नेपालीहरुको ठूलो संख्या ९० को दशकबाट आउन थालेको देखिन्छ । नेपालमा जब पंचायती शासन पद्धतिको अन्त्यसँगै प्रजातान्त्रिक व्यवस्था शुरु भयो तब हुनेखाने र पहुँचवाला नेपालीहरु आफ्ना छोराछोरी अमेरिका पढ्न पठाउन थाले । कुटनीतिक माध्यमबाट पनि नेपालीहरु अमेरिका प्रबेश गर्ने क्रम बढेर गयो । साथै सन १९९४ मा अमेरिकामा कम संख्यामा आप्रवासी भएको मुलुकबाट छानेर बर्षको ५५ हजारको संख्यामा सक्षम नागरिक भित्र्याउने उद्धेश्यले डाइभरसीटी भिषाको चिट्ठा शुरु गरियो । यो कार्यक्रममा नेपालले पनि सहभागी हुन पायो । यस कार्यक्रम अन्तर्गत शुरुका बर्षहरुमा २ सय ५० देखि ५०० सम्म नेपालीहरु आउन थाले भने पछि बर्षको ५-६ हजारलाई चिट्ठा पर्ने र तिनका परिवारसहित आउदा अमेरिकामा स्थायी बसोवासका लागि आउने नेपालीहरुको संख्या व्हात्तै बढेको देखिन्छ । अझ पछिल्ला बर्षहरुमा त अबैध मार्गबाट पनि अमेरिका प्रवेश गराउने गिरोहहरु सक्रिय हुन थालेको र मध्य अमेरिकी मुलुकहुँदै अमेरिका प्रवेश गर्नेहरुको संख्या पनि निकै भइसकेको सुन्नमा आएको छ । यसरी आउनेहरुले अमेरिका प्रवेश गरीसके पछि प्रशासनको शरणमा जाने र कानुन व्यावसायीको मद्दत लिएर स्थायी बसोवासको प्रक्रियामा जाने गरेको पाइन्छ ।

संयुक्त राज्य अमेरिका आप्रवासीहरुले नै बनाएको देश मानिन्छ । यहाँका निर्वाचनमा पनि आप्रवासीहरुको भूमिका निक्कै महत्वपूर्ण देखिन्छ । त्यसैले कानुनी प्रक्रियाबाट पनि धेरैले स्थायी बसोवासको प्रमाणपत्र पाएका छन । सन १९९२ देखि नेपालमा शुरु भएको द्वन्द, हिंसात्मक गतिविधिले मुलुक अशान्त बन्दै गए पछि नेपालीहरुले मुलुक छाड्ने क्रम तीब्र बन्यो । यो अवधिमा विभिन्न कार्यक्रममा सहभागी हुन आएका पत्रकार, नागरिक समाजका अगुवा, सांस्कृतिक कार्यक्रम लिएर आएका कलाकार पनि अमेरिकाबाट फर्केर जान नसक्ने कारण देखाउँदै यही कानुनी भाषामा शरणार्थी भएर बसे । सन २००० पछि भने अमेरिकामा स्थायी बसोवास गर्न आएका नेपाली आप्रवासीको संख्या नाटकीय ढंगले बढेको छ तर विडम्बना के छ भने नेपाली दूतावासलगायत कुनै पनि संघ संस्था वा व्यक्ति अमेरिकामा नेपालीहरुको संख्या अध्यावधि-अपडेट) गरेर राख्न सक्षम भइसकेको छैन । अनुमान गर्दा सन २०१३ सम्म आइपुग्दा अमेरिकामा ३ लाखभन्दा बढी नेपाली बसोवास गर्दैछन । यी मध्ये दुई तिहाइसँग स्थायी बसोवासको अनुमति पत्र भएको अनुमान गर्न सकिन्छ । बाँकी संख्यामध्ये पनि अधिकांशको स्थायित्वको प्रक्रिया अगाडि बडिरहेको हुन्छ ।

अमेरिकामा विद्यमान कानुन नै आप्रवासीका लागि बलियो छ । यसमा पनि वर्तमान डेमोक्रेटद्धारा संचालित ओवामा सरकारको राजनीतिक आधार नै आप्रवासी समुदाय भएकाले आप्रवासी कानुनमा अरु संशोधन गरेर थप सुविधा उपलब्ध गराउन लागेको देखिएको छ । हुन त प्रतिपक्षद्धारा कडा विरोधको सामना गर्नु परेको भए पनि डेमोक्रेट पार्टी आप्रवासीहरुको पक्षमा राम्रैसँग अडान लिएर बसेको देखिएकाले यस प्रति आप्रवासीहरु निकै आशावादी देखिन्छन ।

यतिबेला तल्लो सदनबाट डाइभरसिटी भीषाको प्राबधान हटाउने पक्षमा मतदान गरेको छ । तर माथिल्लो सदन सीनेटले बहुमतद्धारा अस्वीकार गर्ने संभावना अझै बाँकी नै छ । यदि सीनेटले पनि डिभिको विपक्षमा नै मतदान गरेछ भने पनि विद्यार्थी तथा खास विषय वस्तुमा दक्षता हासील गरेका व्यक्तिलाई स्थायी बसोवासको अुनमति-ग्रीन कार्ड) दिने रिपब्लिकन पार्टीको सोचलाई कार्यान्वयनमा ल्याउने पक्ष्ामा मतदान गर्ने छन । यदि यसो भएमा पनि ठूलो संख्यामा रहेका नेपाली विद्यार्थीहरुले सजिलै ग्रीन कार्ड पाउने छन । यसै गरी स्थायी बसोवासका लागि अमेरिका आउन चाहानेहरुका लागि क्यानडियन मोडेलमा बौधिक प्राविधिक एवम् प्राज्ञिक क्षेत्रबाट आवेदनहरु माग गरी छनौट गरेर भीषा दिइने छ । रिपब्लिकनहरुको बाहिर आएको यस सम्बन्धी अवधारणामा यो कुराको छनक पाइन्छ । त्यतिन्जेलमा नेपालमा गैर आवासीय नेपालीहरुलाई दोहोरो नागरिकताको कानुनी व्यबस्था भइसक्ने विश्वास गर्न सकिन्छ । दोहोरो नागरिकताबाट नेपालबाट पूँजी पलायन हुन्छ भन्ने परम्परागत सोच अब विस्तारै हराउदै गएको र नीति निर्माण तहमा पनि गैर आवासीय नेपाली संघले आफ्नो अवधारणालाई राम्रैसँग पुर्‍याउने सफल भइसकेको देखिन्छ । अब नेपालमा राजनीतिक संक्रमणकालको अन्त भएर राजनीतिक स्थायित्व कायम हुनासाथ गैर आवासीय नेपाली संबन्धी विद्यमान ऐन कानुनहरुमा आबश्यक परिमार्जन हुनेछ । तेतिन्जेल गैर आवासीय नेपालीलाई दिइदै आएको एनआरएन परिचय पत्रको उपयोग गर्दै रहनुपर्दछ ।

विश्वग्रामको अवधारणा अनुसार संसारको जुनसुकै कुनामा पुगेर बसोवास गरेका भए पनि आफ्नो जन्मभूमिप्रतिको माया सद्भाव र झुकावलाई नक्साको कुनै राजनीतिक सीमाले छुट्याइनु हुदैन । जहाँ बसे पनि निर्वाद रुपमा मेरो जन्मथलो यो हो भनेर त्यसको भलाईका लागि तन मन, धन, खर्च गर्न दिइनु पर्छ, पाउनु पर्छ । आवासीय वा गैर आवासीयको शब्द विभेदको खास अर्थ रहदैन । यस्ता शब्द विभेदले भावनात्मक रुपमा अलग्याउन खोजेको मात्र

देखाउछ । अब गैर आवासीय नेपाली नभनेरै पनि संबोधन हुनुपर्छ । बरु आप्रवासी नेपालीहरुको संघ संस्थाको पहिलो र महत्वपूर्ण काम चाहिँ सम्बन्धित मुलुकमा आइपुगेका नेपाली भाषीहरुको तथ्याङ्क अध्यावधिक-अपडेट) गर्ने हुनु पर्दछ । यस पछि मात्र सम्बन्धित देशको ऐन कानुनले तोकिदिएको सेवा सुविधाको उपयोग गर्न पाउने भएकाले अन्य सवालहरुभन्दा पहिले तथ्याङ्क अध्यावधिक गर्नतर्फ ध्यानाकर्षण होस भन्ने चाहान्छु ।

# एन आर एन बारे केही टिपोट

## एन आर एन विज्ञान प्रतिष्ठानको स्थापना

सन् २०१२ मा अष्ट्रेलियाको सिड्नीमा सम्पन्न सातौं एन आर एन क्षेत्रीय सम्मेलनको घोषणा पत्रको मर्म अनुसार नेपालको विज्ञान तथा प्रविधि विकासमा टेवा पुर्याउन गैर आवासीय नेपाली विज्ञान प्रतिष्ठान नेपालमा स्थापना हुने भएको छ। विश्वभर छरिएर रहेका नेपालीहरूको श्रोत साधन परिचालन गरी सहयोग परिचालन गर्दै प्रतिष्ठानलाई नेपालमा कार्यालय रहनेगरी स्थापना गर्ने सोच बनाइएको छ। प्रतिष्ठानको अल्पकालीन परियोजना **"Science for the People"** नामक एउटा जनचेतना तथा सहभागिता मूलक अभियान रहेको छ भने दिर्घकालिन योजना अन्तर्गत नेपालमा दिगो तथा समय सापेक्ष विज्ञान तथा प्रविधिको विकास गर्न सहयोग गर्नु रहेको छ। विज्ञान प्रतिष्ठानले समाचार माध्यमहरू, शिक्षा र योजना निर्माणका क्षेत्रमा कार्यक्रमहरू तयार बनाएर सर्वसाधारणहरूमा विज्ञान, संस्कृति एवं सजगता फैलाउने लक्ष्य लिएको छ। यस अन्तर्गत प्रारम्भिक चरणमा प्रतिष्ठानका तर्फबाट पत्रकारहरूका लागि ६ वटा गहन विज्ञान लेखन वृत्तिहरू, विज्ञान अध्ययन गर्ने मेधावी छात्र-छात्राहरूलाई प्रोत्साहन पुरस्कार र विज्ञान पत्रकार संघलाई सम्मेलन आयोजना गर्न सहयोग प्रदान गर्ने कार्यक्रम रहेका छन्।

## जल विद्युत लगानीका लागि एक अर्ब संकलन

गैर आवासीय नेपाली संघको ५ औं विश्व सम्मेलनमा प्रतिवद्धता जनाए अनुसार जल विद्युतको क्षेत्रमा लगानी गर्न रू १ अर्ब संकलन भएको छ। एन आर एन बुलेटिनका अनुसार ३५ मुलुक बाट ८ सय जनाको लगानीमा उक्त रकम संकलन भएको हो। एन आर एन लिमिटेड मार्फत नेपालको जलविद्युत विकासमा लगानी गर्न सबै भन्दा बढी अष्ट्रेलिया बाट २६% , जापान बाट २१%, रसिया र वेलायत बाट ८/८ %, दक्षिण कोरिया बाट ७%, यू ए इ र जर्मन बाट ४/४%, साउदि अरेविया र क्यानाडा बाट २/२%, यू एस ए, हङ्कङ्ग र अफ्रिका बाट ३/३% र अन्य मुलुकबाट ७ % संकलन भएको छ। एन आर एनका अनुसार लगानी गर्ने परियोजना छनौट अन्तिम चरणमा पुगेको छ।

## सुरूङ् मार्ग निर्माणमा समझदारी

गैर आवासीय नेपाली संघ र पूर्वाधार विकास कम्पनी लिमिटेड वीच राष्ट्रिय महत्वको काठमाण्डौं – कुलेखानी – हेटौंडा सुरूङ् मार्ग निर्माणमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ। यस समझदारीबाट के प्रष्ट छ भने परियोजनाले नेपालीहरूको आर्थिक तथा प्राविधिक क्षमताको उपयोग गरी उनीहरूले पनि ठूला परीयोजना सञ्चालन गर्न सक्छन् भन्ने कुरा विश्व सामु स्थापित गर्न सक्छन\ भन्ने प्रमाणित गरेको छ।

## एन आर एनले सञ्चालन गर्ने खुल्ला विश्व विद्यालय

नेपालका अहिलेका विश्व विद्यालयहरूको पहुँच परम्परागत र ठूला शहरमा मात्रै छ भने अर्को तर्फ कैयौंलाई शहरमा विश्व विद्यालय जाने अवस्था नै छैन। तर शिक्षा हाँसिल गर्नु पर्ने इच्छा छ। यस्तो परिवेशलाई ध्यान पुर्याएर खुला विश्व विद्यालयको अवधारणा ल्याइएको हो। मान्छेले जहाँको ज्ञान पनि घरैबाट लिन पाउने व्यवस्था अन्य कतिपय देशमा रहेको विद्यमान अवस्था छ। हामीले पनि यस्तो फाइदा उठाउनको लागि खुल्ला विश्व विद्यालयको अवधारणा आएको हो।

## दूतावासहरूमा एन आर एन डेस्क

नेपाल सरकार परराष्ट्र मन्त्रालयले गैर आवासीय नेपाली सम्वन्धि विषय हेर्ने नेपाली राजदूतावासमा फोकल पोइन्ट तोक्न दूतावासहरूलाई निर्देशन दिइसकेको छ। जस अनुसार अमेरिका तथा जापानमा यस्ता पोइन्टहरूको स्थापना भइसकेको छ भने अन्य स्थानमा यो क्रम जारी छ।

## अफ्रिकामा पनि बढ्दो नेपाली संख्या

अफ्रिकाको नाएजेरीया, दक्षिण अफ्रिका, कंगो, केन्या, दक्षिण सुडान, युगाञ्डा, जाम्विया, तान्जेनिया, इजिप्ट, रूवाण्डा, घाना, टोगो, सिरिया, लियोन, सेनेगल, माडागास्कर, मोरक्को, जिम्बावे, इथियोपिया, र सुडानमा मिलाएर २ हजार भन्दा बढी नेपालीहरू रहेका छन्। यहाँको मुख्य समस्या नेपालको कुटनैतिक उपस्थिति न्यून रहनु हो। दक्षिण अफ्रिका र इजिप्टमा रहेका जम्मा दुइ राजदूतावासमा इजिप्टको राजदूतावास अपायक पर्दछ। न्यून जनसंख्याका हिसाबले नेपाल सरकार तथा गैर आवासीय संघले अफ्रिकालाई छुन सकेको छैन।

THE BEST WISHES FOR THE GRAND SUCCESS OF LOS ANGELES NRN PNO AGM & CONFERENCE - 2013 OF NRN NCC OF USA

**Jay Mandal**

Founder, Chief Business Officer

**BELHI BUSINESS GROUP**

Brand Development | Education | Lodging Technologies | Hotels & Healthcare | Insurance

# धन्न म अमेरिका आएँ नत्र ...!?

**बयान नम्बर -१**

म अलमलमा छु - हामी अमेरिकामा त आयौं तर जाने कहाँ यो सोचेका छौं कि छैनौं ?
देश छोडियो,परिवार छोडियो र समाज पनि छोडियो किन ? दुख सुख जे भए नि' पहिचान र प्रतिष्ठा प्राप्त कर्म गरिरहेको भन्दा राम्रो गर्ने अबसर हो यो ठानेर हामी यहाँ आयौं। तर यती टाढा आएर पनि हामीले आहा राम्रो भनेर अरुले भन्न सक्ने काम गर्न नसकेको किन ? हामी असल अवसर खोजेर रोजेर नै यहाँ आएका हौँ भने हामीले के फरक काम र पहिचान निर्माण गर्न सक्यौं त ?

सबैलाई थाहा छ,प्रतिष्ठा र पहिचान बनाउन यहाँ सजिलो छैन। पहिचान र प्रतिष्ठाको अबमुल्यन सहेर नै यो उल्टो गोलार्ध्दको यात्रामा प्राप्त हुने अबसरले त्यस्तो पनि हुन्न- एक्लै दुक्लैले कुनै चमत्कार नै गर्न सकियस ! त्यसैले हामीलाई सबल र सक्षम हुन संगठन र एकता चाहिएको छ। तर यो आधारभूत संगठन र एकता हुन नसक्दा कतै *बर्मा गए कर्म संगै नेपाल आए कपालसंगै* भने जस्तो हाम्रो चिन्तन र चिन्ता रत्न पार्क वरीपरि नै घुमिरहेको छ। हामी यती धैरै टाढा आएर पनि हाम्रो साझा पहिचान नेपाली मात्र निर्माण गर्न सकिरहेका छैनौं। हामी अनेक खण्ड खण्डमा यसरी यती धैरै विभाजित भएका छौँ कि त्यो विभाजनको कारण यो माहासागरमा हामी सबल र सक्षम मात्र नभएको होईन,अल्प संख्यामा त छँदै छौं, सामाजिक संरचना पनि कमजोर छ। हामी कहिले देखि हाम्रो पहिचान र प्रतिष्ठा काखी च्यापेर डूपन सर्कल वा कन्ष्टिच्युसन एभेन्यूमा चक्कर लगाउन थाल्छौं ?

हामी सबैका आ-आफ्ना आग्रह र अहम पनि छन् तर जबसम्म म मबाट हामी र हामीबाट हाम्रो हुन वा भन्न सक्दैनौं तबसम्म उकालो चढ्ने सम्भावना वा आशा भन्दा ओरालो झर्ने खतरा नै धैरै हुन्छ। म धैरै कुद्न सक्छु भनेर एक्लै कुदिरहेसम्म कति कुद्छु वा अरु कति कुद्छन यकिन हुन्न। सबै सं-संगै कुदे पो थाहा हुन्छ, म कति कुद्छु र अरु कति कुद्दा हुन् ? यदि म कमजोर रहेछु भने कमजोरी पनि जान्दो हुँ र सिक्दो हुँ- अरुभन्दा धैरै कुद्ने काइदा के हो ? तर म एक्लै कुदिरहेको छु सके अरुलाईसंगै कुद्ने अवसर नै नदिएर वा सके पछाडि धकेलेर। यो एउटा प्रवृती हो हाम्रो अर्थात मेरो पनि। यो एउटा चरित्र हो हाम्रो अर्थात मेरो। हामी सबै संगै कुदौं र सबैभन्दा धैरै कुदौं र नसके सिकौं।

यो चर्चाले संकेत गर्छ - अमेरिका राम्रो मानेर रोचेर वा सोचेर सम्झेर नै आएका हौँ नै भने पनि *भन्दा राम्रो* र सबैले आहा भन्न सकिने काम गर्न किन सकिरहेका छैनौं ? यो मेरो भ्रम भए जाति।

**बयान नम्बर- २**

यो मेरो सङ्केत अमेरिकामा प्रवेश गरेका हामी नेपालीका लागि हामीलाई नेपाली जनबोलीमा भन्दा एउटा असल हली/गोठालोको पनि काम हामी कसैले गर्न सकेनौं। किन ? म थकित,चकित र निराश छु तर प्रयास जारि राख्ने पक्षमा छु। एकता नै संगठन हो र संगठन नै बल हो। यो मूल मन्त्र मानेर हामी यो पराई भूमिमा नेपाली पहिचान निर्माण गर्न सक्छौं।

के हामी यतीकै आफुलाई मन लागेर मात्र अमेरिका आइपुगेका हौँ ? हामी कहाँबाट कसरी यहाँ आइपुग्यौं ? सबैलाई पछाडि फर्केर हेर्न कसरी प्रेरित गर्ने ? के हाम्रो लागि कसैले पसिना चुहाएन ? के कसैले हाम्रा लागि आशुँ नै झारेन ? तिनकाप्रति हाम्रो दायित्व के ? तिनकाप्रति हाम्रो भूमिका के ? जसले हामीलाई अमेरिकासम्म आउने खुट्टा दियो, बिचार दियो र त्यो आँट हाम्रो आँतमा पनि कसले भरि दियो ?



कसलाई थाहा छैन,हामीमध्ये धैरै विश्वकै अति विपन्न र अविकसित देशका पनि विपन्न परिवार र त्यतिकै बिकट भूगोल भोगेर यहाँ आएका हौं देशमा गरिवी छ। बिकाश छैन। यो जाति र त्यो जातिको उठान हुनु पर्छ भनेर कुरा गरेर को थाकेको छ ? हामी न तिनका लागि मुठ्ठी खोलेर केही गर्न सक्छौं ? यदि खोलेर केही गरि नै हाले त्यो हातीको मुखमा जिरा मात्र हुन्छ। एकातिर हामी समग्र देश वा जातिको कुरा गरिरहेका छौँ तर पनि कुनै माखो मार्न सकेका छैनौं तर यसरी अर्कातिर आफ्नै घर परिवार भित्र नै त्यस्ता पछौटे भनिएका अमुक जात जाति वा समुदायभन्दा पनि पछौटे समुदाय/परिवार पनि जन्माइरहेका त छैनौं ? नीतिमा भनिन्छ, *"एक्ले थुके सुक्छ, सयले थुके बग्छ।"* मेरो अनुरोध र अपेक्षा सबैसँग यती मात्र हो - थुकै त हो यसले कुनै राम्रो काम हुन्छ भने न नथुक्ने, सबैले एकै थलोमा थुकेर त हेरौं। अन्य बिकल्प भएसम्म त्यो थुक तपाईहामीले चाट्न नपरोस अन्यथा थुकै हो जहाँ फाले पनि थप फोहोर नहुने गरि नै फाले भएन र ?

खानु र पीउनु जीवन भए जिउनु हरे के !
पछिको आश नभए कठै मानिस हरे के !!

पृथ्वी बसी स्वर्गमा हेर्ने छन हाम्रा नजर !
तलनै हेरी तल नै हेरी विलौना नगर !!

मनको बत्ती तनले बाली स्वर्ग छ प्रसाद !
कर्ममै पूज इश्वर भन्छ यो लक्ष्मी प्रसाद !!

***(महाकवि देवकोटाको मुनामदनका अन्तिम हरफहरु )***

बयान नम्बर-३

हामीलाई तातै तातै भन्दै हिंड्न सिकाउने,हामीलाई स्कुल जानु पर्छ भन्दै आँखा देखाउने,हामीलाई सबको भलो गर्नु पर्छ भन्दै बाटो खनेर डोर्याउने,गाउँ घरमा आउने जाने सबै हाम्रा पाहुना हुन् भनेर तिनका लागि पाटी पौवा वा चौतारो खनेर शितल छाहरी बनाई दिनेहरुलाई के मैले अब तपाईहरुको लागि के गर्नु पर्छ भनेर सोध्नु वा धन्य छौ तीमीहरु भनेर सम्झनु पनि पर्दैन ?

हामीले पढेको स्कुलको छाना हामीले टाल्नु पर्छ कि पर्दैन ? हामीले हिंडेको बाटोको खाडल हामीले पुर्नु पर्छ कि पर्दैन ? सबैलाई थाहा छ वा सबैलाई यस्तो लाग्छ, म एक्लैले धैरै गर्न सक्दिन वा तपाई हामी दुई-चार जनाले मात्र के नै पो गर्न सकिन्छ र ? हो मैले मात्र वा तपाई हामी दुई-चारले मात्र धैरै केही नै गर्न सकिन्न। तर कसले भन्यो मैले मात्र वा तपाई हामी दुई-चारले मात्र धैरै गर्नु पर्छ वा सबै गर्नु पर्छ।पर्दैन तर जति सकिन्छ त्यती मात्र गरे हुन्न कसले भनेको छ र ? तर खै जति सक्छु त्यती मात्र नै सही, त्यो मैले किन नगरेको ? हो सबैले गर्दैन वा अरुले पनि गर्दैन तर मैले नगरे न अरुले गर्छन वा मैले नगरे कसरी अरुले गर्छन भनेर किन नसोचेको ? मैले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने ? यो प्रश्नको उत्तर दिनु पर्छ पर्दैन ?

हिजो खाल्डाहरु पुरेर,ढुंगाहरु फोरेर कसैले ती बाटोहरु किन बनाए ? आफ्नो गाँस काटेर होस् वा फाटेको कमेज लगाएर कसले ती स्कुलका छानाहरुमा पराल छाए वा टायल लगाए ? जसले त्यो काम गरे त्यो मेरा लागि वा तपाई हाम्रा लागि नगरेको भए

कसका लागि गरे ? तिनले समय बिताउने बसिबियाँलो अरु कुनै मेसो नपाएर पो त्यसो गरेका हुन र ? यथार्थ घाम जतिकै छर्लंग छ भने अब मेरो वा तपाई हाम्रो पालो हो कि होईन, बाटोको खाल्डा पुर्ने वा स्कुलको छाना टाल्ने ? हामी आफूले हिंडेको बाटोको खाल्डा पुर्न किन सक्दैनौं ? हामी आफूले पढेको स्कुलको चुहिने छाना टाल्न किन सक्दैनौं ?

हामीमा धैरै नै अबिश्वास किन ? हामी बढि तर्क गर्न र नकारात्मक सोचमा किन ? भनिन्छ-विद्या विवादाय, धनम् मदाय, शक्ति परेसाम् परपीडनाय अर्थात
विद्या विवादका लागि  धन घमण्डका लागि र शक्ति अरुलाई दुख दिन प्रयोग नगरियोस् । तर हामीमा यस्तो त भएको छैन ?

त्यस्ता धैरै काम गर्न पैसा नै चाहिन्छ । पैसा नभए केही हुन्न । तर माथि उल्लेख गरे जस्तो सबैले एकै ठाउँमा एकै पटक थुक्ने हो भने त्यही थुकेको फोहोरले पनि कतै कुनै ठाउँमा राम्रो काम गर्न सक्छ ।
बयान नम्बर - ४

सकेको जे थियो वा सोचेको जो थियो अमेरिका आउनु थियो, आइयो । अब जानु कहीं छैन । हो त्यसैले मलाई लाग्छ, म पछाडि फर्केर हेरेर किन टाउको दुखाउँ ? त्यसैले मलाई पछाडि हेर्न भन्दा आफ्नै समस्याको पहाड तेर्साउन सजिलो हुन्छ । मैले सामान्य उदाहरण दिंदा यसो भन्न सक्छु, मैले यो साल घर किनें । के गर्ने घर नकिनेको भए त केही गर्न सक्थें । मलाई भाइले भन्यो - के गर्ने मैले भरखरै नेपालमा एउटा बिजनेश शुरु गरें । काकाले भन्नु भयो- मैले काकीलाई पनि गाडी किनि दिएँ । बहिनीले भनिन- नेपालबाट आउँदा निक्कै नै ऋण लागेको थियो, अस्ति मात्र पठाई दिएँ । मेरो मात्र होइन, सबैका सबै कुरा वा समस्या सहि नै छन् । तर हाम्रो समाधान पनि र समस्या पनि यहीं नै छ ।

हामी अमेरिका किन आयौं ? यो त्यो भन्दा राम्रो अबसर पनि हो र अरु भन्दा बढी टाठो बाठो पनि भएर नै आएँ । धैरै आउन पनि नचाहने होलान वा आउन चाहने सबैले पनि यो अबसर नपाउलान । हामी अमेरिकामा आएका छौं, घर किनेका छौं, गाडी आफूलाई मात्र होइन परिवारका सबैका लागि जोडेका छौँ। डलर कमाएका छौं । यो खुसीकै कुरा हो । हामीले सजिलो र सुखी जीवन जिउन पाएका छौं । एक डलरले उता ८० रुपियाँ भन्दा पनि बढी नै पो हुन्छ त । उता जो छ, यता आउन पनि सकेन वा पाएन । गाडी वा घर त के साइकल पनि छैन । बिजनेसको त के कुरा बिहान बेलुकाको नै बन्दोबस्त हुन सकेको छैन । तिनलाई कसरी अरुका लागि केही गर भन्नु । मुखमा यदी तिनको माड नै परेको छैन वा पेटमा अन्न पनि परेको छैन भने तिनका घाँटी नै रसाउन सक्दैन तर हामी घर गाडी बिजनेसका लागि सक्षम छौं । त्यसैले हामी जो अमेरिका आएका छौं, हामीले नै हो थौरै बल गर्न प्रयास गर्ने । हामीले नै हो, आफू भन्दा पछाडि कोही हाम्रो छाँयामा छेकियो वा छेकियला कि भनेर ख्याल गर्ने ।

खालि खुट्टा, भोको पेट वा नाङ्गो आङ नै किन नहोस हिजो हाम्रा अग्रज/पुर्खाहरुले किन स्कुल खोले ? किन पाटी पौवा बनाए ? किन बाटो र पुल बनाए ? किन कसैले गर्दैनन् वा मैले मात्र गरेर के हुन्छ भनेर हात बाँधेर बसेनन् ? ती त साहै मुर्ख रहेछन हगी ? धन्न म भने अमेरिका आएँ नत्र .... ।

अप्रेल २२, सन् २०१३

- शुभकामना सहित,
लेखनाथ भण्डारी

# THE BEST WISHES FOR THE GRAND SUCCESS OF LOS ANGELES NRN PNO AGM & CONFERENCE - 2013 OF NRN NCC OF USA

## Ratan K. Jha

**CEO, Grisham & Jha Group**

**President, Opal Global Investmnts**

**Advisor, NRNA- ICC (2011-13)**



Born and brought up in Sisautiya Village in Sarlahi district of southern Nepal, Ratan came to the United States of America in 1991 to attend a Master's program at the University of Oklahoma (OU), Norman. He graduated with a Master's degree in Civil Engineering from OU in 1994. Ratan is a registered professional engineer (P.E.) in the State of Texas. Currently, he lives in Houston, Texas with his wife, son and a daughter. He has businesses in the areas of real estate development (Global Royal Investments), heavy civil construction (Grisham & Jha Group in USA, Opal Global Trading & Contracting, Qatar), and Technology Transfer (Post-Tesion Services Nepal, Pvt., Ltd., Kathmandu, Nepal).

Ratan has over 17 years of experience, both in public and private sectors, in the field of construction, real estate and infrastructure development. Apart from US businesses, Ratan also has businesses in UAE, Qatar and Nepal. Ratan recently launched Post-Tension Services—Nepal (PTSN) in Kathmandu, Nepal. The primary goal of PTSN is to introduce American methodology and technology in the area of modern building design and construction, earth-quake resistant structures, etc.

Ratan is very active member of the Nepali diaspora in North America. He's the Advisor of NRNA-ICC for 2011-13, and also the Co-Chair of the NRNA's Task Force on Promotion of Investments. Previously, he served as General Secretary of the NRNA-ICC (2009-11), and as Co-Chairman of Non-Resident Nepali (NRN) Association of North America. He is also the founding President of ANTA (www.terai.org), the first ever Teraian association in the US to enhance and promote Teraian's identity, culture and linguistic heritage in North America.

## फूलको मोहकता



डन कार्की

फूल तिमीलाई सजाउन चाहन्थें
मेरो घर दलानमा तिमीलाई चाहन्थे
तर तिमी किन किन मुरझाए जस्तो
तर तिमी किन किन बिखरिए जस्तो ।
जति धेरै फूलहरू खिल्छन्
उति उति मोहकता बरसाउछन्
तिम्रो सुन्दरताको वयान कति गरूँ
तिम्रो शालीनताको वयान कति गरूँ ।
तिम्रो आगमनले मेरो घर उज्यालिन्छ
तिम्रो अविर्भावले बटुवा लोभिन्छ
प्रेम र सृजनाको मोहकतालाई अँगाल्छ
हिंसा र आतंकको बाटोलाई भूल्छ ।
संसारको रचना नै प्रेममा छ
त्यसैले त्यहाँ फूलको बहार छ
एक अर्कामा विकराल द्वन्द होइन
धेरै धरै फूलले मोहकता बर्साउँछ ।
हाम्रो विचारको खिचातानले घर भत्किन्छ
द्वन्द पछिको समाधान चाहिन्छ
समस्याको डङ्गुरले घर पुरिन्छ
शान्ति र सृजनाको मुहान टालिन्छ ।
घर त त्यो समझदारी हो
एक अर्कामा वापसी सहयोग चाहिन्छ
विचार र व्यवहारको कलह होइन
दुई आत्माको मधुर मिलन चाहिन्छ ।
हिलो र गन्दगीमा पनि कमल फूल्छ
सबै मन मन्दिरलाई रिझाउन सक्छ
घर परिवारको वापसी द्वन्दमा पनि
समझदारिको कमल फूल्न सक्छ ।
परिवारको मोहकतालाई कसैले नबिर्सिउँ
फूल सबैमा अजर अमर छ ।

## प्लाटफर्म नै एउटा जिन्दगी



इन्जिनियर
राकेश कार्की

.
कोही आउने कोही जाने
क्रम चलिरह्यो
स्टेशनबाट स्टेशन तिर
रेल अघि बढिरह्यो

कतै खल्याङबल्याङ
कोही अल्याङटल्याङ
कोही ढेपिएर चढ्न तयार
कोही टिकट काउन्टरमा हतार हतार

कोही कुदिरहेछन् घडी हेरि
छुटाएछन् कसैले धत्तेरि
उँगिरहेछन् कोही समान छेकेर
सोध्धैछन् ती बूढाबूढी लौरो टेकेर

मोबाइल फोन कानमा टसाएका
कम्प्युटर स्क्रिनमा आँखा धसाएका
कसैले आफन्त नजिक बसाएका
बिदा गर्न आउनेको आँखा रसाएका

हरेक स्टेशनमा यात्रा जोड्नु पर्ने
आफ्ना आफन्त थलो छोड्नु पर्ने
आउनेहरु खुसी हुँदै मिसिने
जानेहरुको मुटु भित्रभित्रै चिसिने

प्लाटफर्म नै एउटा जिन्दगी जस्तो
कसैको मिलन कसैको बिछोड कस्तो
जन्मदा हर्षोउल्लास र अन्य
मृत्युमा वेदना रोदन शून्य

# नेपाल अमेरिका कुटनैतिक सम्बन्धका ६६ वर्ष

**- बलराम थापा**



नेपाल अमेरिका वीच कुटनैतिक सम्बन्ध स्थापना भएको गत अप्रिल २५ तारिख ६६ वर्ष पुगेर यतिका दिन आए । यो कुतनैतिक सम्बन्धले के देखाउँदछ भने यी २ देश वीचका मानिसहरूको सम्बन्ध त्यस भन्दा पहिले देखि नै भएको थियो भन्ने अनुमान लगाउन सकिन्छ । नेपालीहरू अमेरिका कहिले देखि आउन शुरू गरे त्यसको यकिन तिथी-मिति नभए तापनि आज भन्दा करिब डेढ सय वर्ष अगाडि देखिनै आएको भन्ने अनुमान लगाउन भने सजिलै सकिन्छ ।

सन् १८१५ मा गोरखा रेजिमेण्टको नाममा नेपालीहरू ब्रिटिश सेनामा भर्तीहुन थाले पछि त्यसैको सेरोफेरोमा नेपालीहरू पनि अमेरिका प्रवेश गरेको हुन सक्छ । नेपाल र अमेरिका वीच सम्बन्ध स्थापना गर्न विशेषतः दोश्रो विश्वयुद्धले महत्वपूर्ण भूमिका खेलेको थियो । सन् १९३९ मा शुरू भएको द्वितीय विश्व युद्धमा वेलायत तथा अमेरिका लगायतका देशले युद्धमा जीत हातपार्दा वीर नेपाली गोर्खालीहरूको साहसिक युद्ध कौशल प्रदर्शनामा वेलायत तथा अमेरिकाको पक्षमा वीजय हाँसिल गरेपछि तत्कालिन प्रधानमन्त्री जुद्ध शमसेरले अमेरिकी राष्ट्रपति Harry S. Truman लाई शुभकामना पठाएका थिए । यही शुभकामना नै कुटनैतिक सम्बन्धको पहिलो खुड्किलो थियो ।

दोश्रो युद्धको समाप्ति पछि सन् १९४६ मा अमेरिकाको विदेश मामिला मन्त्रालय र युद्ध मन्त्रालयले नेपाल सरकारलाई युद्ध जीतेको खुशियालीमा अमेरिका भ्रमणको निम्तो पठएपछि जनरल बबर शमसेर राणाको नेतृत्वमा एक सद्भावना मण्डलले अमेरिकाको भ्रमण गर्यो, जुन नेपाल अमेरिका कुटनैतिक इतिहासको पहिलो भ्रमण थियो । सो वखत राष्ट्रपति Truman ले नेपाल सँग मित्रता कायम गर्न एक सद्भावना टोलि नेपाल पठाउने कुरा व्यक्त गर्नुका साथै चिनोको रूपमा आफ्नो एक तस्विर प्रधानमन्त्री पद्म शम्शेरलाई पठाएका थिए । सद्भावना मण्डलले राष्ट्रपति Truman लाई राजा त्रिभुवनका तर्फबाट " ॐ रामपट्ट " विभूषण प्रदान गरेका थिए । त्यसपछि अमेरिकाले नेपाल सँग मित्रता गास्ने उद्देष्यले अमेरिकी सेनाको सर्वोच्च सैनिक पद **Legion of Merit** प्रधानमन्त्री पद्मशम्शेरलाई हस्तान्तरण गर्न नोभेम्वर १९४६ मा भारतका लागि अमेरिकी कार्यवाहक राजदूत जर्ज आर. मिरेल काठमाण्डौ आए ।

राजदूत मिरेल नेपाल आएको बखत दुवै देश बीच कुटनीतिक सम्बन्ध स्थापनाका लागि एक विशेष प्रतिनिधि मण्डललाई नेपाल पठाउन राष्ट्रपति Truman लाई प्रधानमन्त्री पद्म शम्शेरले औपचारिक निमन्त्रणा पठाएपछि नेपाल सँग कुटनीतिक सम्बन्ध जोड्नका लागि जोसेफ् सी. स्याटरथवेट अमेरिकी प्रतिनिधिका रूपमा नेपाल आए । फलस्वरूप सन् १९२५ अप्रिल २५ का दिन सिंहदरवारमा दुई देश बीच " वाणिज्य तथा मैत्री सन्धि " गरी कुटनैतिक सम्बन्धको स्थापना भयो । सो सन्धिमा नेपालका तर्फ बाट प्रधानमन्त्री पद्मशम्शेर र अमेरिकाको तर्फबाट स्याटरथवेटले हस्ताक्षर गरेका थिए ।

यसरी गरिएको सन्धिपत्रमा नेपाल एक स्वतन्त्र तथा सार्वभौम सत्ता सम्पन्न मुलुक भएको कुरा उल्लेख गरी हस्ताक्षर भए बाट नेपाल विश्व मानचित्रमा एक सार्वभौम तथा स्वतन्त्र मुलुकको रूपमा चिनिन पुग्यो । वेलायत पछि स्वतन्त्र तथा सार्वभ सत्ता सम्पन्न मुलुकको रूपमा नेपाललाई चिनाउन अमेरिकाको उल्लेखनिय भूमिका रह्यो । नेपाल अमेरिका वीच कुटनैतिक सम्बन्ध स्थापना भएपछि सन् १९५१ मा प्राविधिक सहयोगका लागि समान्य सम्झौतामा हस्ताक्षर भयो । सम्झौता अनुसार यू एस ओ एस (हाल यू एस ए आइ डी) ले नेपालको विकासका लागि आर्थिक तथा प्रविधिक सहयोगका अतिरिक्त नेपाललाई संयुक्त राष्ट्र संघको सदस्यता दिलाउन समेत सहयोग पुर्यायो । नेपाल अमेरिका वीच कुटनैतिक सम्बन्ध स्थापना भएपछि सन् १९५९ मा दुवै देशले दूतावास खोली आपसी सम्बन्ध पनि विभिन्न रूप बाट बढ्दै गयो । त्यस पछि अमेरिकाले नेपाललाई विशेषतः कृषि, स्वास्थ्य, परिवार नियोजन, वातावरण संरक्षण, प्रजातान्त्रिकरण तथा शासकीय सुधार, विद्युत विकासका क्षेत्रका अतिरिक्त शान्ति स्थपना र संविधानसभा निर्वाचनका लागि समेत सन् २०१२ सम्ममा ७९१ मिलियन डलर सहयोग गरिसकेको छ भने अन्तर्राष्ट्रिय संघ संस्था तथा स्वयंसेवक संस्थाहरू मार्फत मानवीय सहायताका क्षेत्रमा छुट्टै ७२५ मिलियन डलर सहयोग गरिसकेको छ ।

आपसी सम्बन्ध विस्तार गर्ने क्रममा राजा महेन्द्र, विरेन्द्रले अमेरिकाको राजकीय भ्रमण तथा विभिन्न समयमा प्रधानमन्त्री स्तरीय भ्रमण भएका छन् भने अमेरिकाको तर्फबाट उपराष्ट्रपति स्पाइरो टी. एग्न्युनै हाल सम्मका नेपाल भ्रमण गर्ने उच्च पदाधिकारी हुन् ।अन्य आपसी सम्बन्धका उच्चस्तरीय पदाधिकारहरूको भ्रमण आदान प्रदान नियमित रहिआएको छ ।

हाल नेपालको शान्ति प्रकृया, सम्विधान निर्माण, प्रजातन्त्रको संस्थागत विकास तथा अन्य भौतिक संरचना निर्माणको क्षेत्रमा अमेरिकी सहयोग उल्लेखनीय रहेको छ । विश्वास लिन सकिन्छ यी सहयोगि हातहरू नेपालका विकासका लागि सधैं तल्लिन रहनेछन् ।

पछिल्लो तथ्यांक अनुसार सन् २०१० मा सम्पूर्ण अमेरिकि जनगणना अनुसार अमेरिकामा नेपालीहरूको जनसंख्या ५९ हजार ४९० रहेको छ । तर विज्ञहरू अमेरिकामा साढे दुई लाख भन्दा वढी नेपाली भएको बताउछन् । उता २०१३ को अप्रिल सम्ममा ६६ हजार २४३ नेपाली भाषि भूटानीहरू अमेरिकामा पुनःस्थापित भइसकेका छन् ।

यही मे २५ र २६, २०१३ मा ग्रेटर लस एन्जलसको ब्यूनापार्कमा हुन गइरहेको गैह आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्, संयुक्त राज्य अमेरिकाको दोस्रो साधारण सभाको सफलताको कामना गर्दै कार्यक्रममा पाल्नुहुने एन आर एन सदस्यहरू लगायत अतिथि, पत्रकार, कलाकर्मी, खेलाडी, पेशा व्यवसायी तथा सम्पूर्ण सहभागीहरूलाई हार्दिक स्वागत् गर्दछौं ।

**पश्चिम अमेरिका नेपाली महासंघ**

- अमेरिका नेपाल सोसाइटी अफ क्यालिफोर्निया, लस एन्जलस
- फ्रेन्ड्स अफ नेपाल लस एन्जलस, लस एन्जलस
- नेपाल अमेरिका एकता समाज, लस एन्जलस
- श्री पशुपतिनाथ फाउण्डेशन युएसए, लस एन्जलस
- बौद्धिक संसार शैक्षिक प्रतिष्ठान, लस एन्जलस
- अमेरिका नेपाल च्याम्वर अफ कमर्श
- साउदर्न क्यालिफोर्निया स्पोर्टस् क्लव, लस एन्जलस
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, लस एन्जलस च्याप्टर
- नेपाली जनसम्पर्क समिति, लस एन्जलस च्याप्टर
- मगर समाज, लस एन्जलस
- गुरूङ्ग समाज, लस एन्जलस
- नेवा अर्गनाइजेशन, लस एन्जलस


Shehnai Presents A Unique New Restaurant in Orange County
torch
• Upscale Restaurant
• Sports Bar
• Cocktail Lounge
• Banquet Hall
(In former location of Ripley's Belive It or Not Museum)
• The perfect location for your upcoming Diwali Party and other Holiday Parties
• Our menu features a selection of cuisines from India, Thailand, China and Continental.
• Enticing Party Ambiance with mood lighting that keeps on changing colors during the course of the evening.
BANQUET HALL
We have a fabulous banquet Hall, complete with stage, sound system and mood lighting
To book the hall for your event, call
Sunny at 714-686-4597
torch
BUFFET LUNCH
Monday - Friday
$9.95
CHAMPAGNE BRUNCH
Saturday - Sunday
$12.95
Include Masala Dosa upon request
LOCATION
7850 Beach Blvd., Buena Park, CA 90620
(Close to Fwy. 91) • Tel: 714-523-8880
www.torch-restaurant.com

## Organizing Team

Rajendra Siwakoti - Convener
Jay P Mandal - Program Director
Rishi Dhakal
Rabindra Pradhan
Bal Ram Thapa
Bakhan Thapa
Gokul Poudel
Dil Bahadur Shrestha
Basudev Ghimire
Mukunda Dhungana
Shiva Adhikari
Prem Guragain
Ram Lama
Shantiram Dhakal
Krishna Koirala
Bimal Guragain
Tara Gurung
Aakraj Pandey
Madan Pathak
Ram Babu Pandey
Nabin Pokhrel
Dilli Thapa
Chakra Pani Mishra
Nakul Shrestha
Karma Chand
Shuny Bee K C
Sunil Pokhrel
Bimal Shrestha
Tilak Karki
Gokul Dhakal
Ramji Gautam
Ganga Basnet
Anil Oli
Yubaraj Khanal

### NRN AGM OFFICE

18000 Pioneer Blvd, Suite - 203
Artesia, CA 90701
Phone: 562 403 1177

# NEWSLETTER TEAM



Bal Ram Thapa



Chakra Pani Mishra



Yubaraj Khanal



Prem Guragain



Dr. Naresh Pradhan



Jay P Mandal
Publishing Coordinator




Where Lord Shiva is believed to be residing

## KAILASH MANAS SAROBAR YATRA

For those who want to visit Mount Kailash, where Lord Shiva is believed to be residing and, hence, considered one of the most sacred places on earth, this is a great opportunity for them. We have been organizing Kailash Manas Sarobar Yatra Tour Package with a highly experienced and trained professional team. We provide excellent service for visitors of any age and especially for NRNParents. A visit to Pashupatinath temple is also included in this package.

We also have various other cultural, historical, adventure and natural sightseeing tours such as:

- Visit to Lumbini, birthplace of Lord Gautam Buddha
- Mt. Everest base camp
- Trekking in most beautiful landscapes of Himalayan range
- Elephant safari in wild animal kingdom of Chitawan
- Pokhara the land of underground rivers
- Davis Falls
- Bungee jumping and Paragliding

**Please contact us for further details**

**Kathmandu Tour Travel and Adventure**
13721 Marquita Lane, Whittier, CA 90604
**(562) 381-5794, (310) 895-5424, (207) 208 9253**
E-mail: kathmandutta@hotmail.com

*We will be making a donation of $50.00 on your behalf to the Shree Pashupatinath Temple which is newly established in Norwalk, Los Angeles, CA. This only applies to individuals visiting Mount Kailash.*